गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

प.स.: ०७७/७८

च.न :

मिति : २०७७।०७।२०

**गलकोट नगरपालिकाको घर नक्सा पास र घर कायम गर्न नगरवासीहरुमा समयावधि थप गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा गलकोट नगरपालिको नगरक्षेत्र भित्र निर्माण भैसकेका घर कायम गर्ने र नयाँ निर्माण हुने घरहरुको नक्सा पास गर्ने प्रयोजनको लागि नगरपालिकाको भवन निर्माण मापदण्ड लागु हुनु पूर्व निर्माण सम्पन्न भएका घरहरुको घर कायम गर्नुपर्ने व्यवस्था भए अनुसार मिति २०७७।०५।२५ गतेदेखि प्रसारण गरिएको सूचनामा २ महिना भित्र प्रक्रियामा आउन अनुरोध गरिएकोमा उक्त अवधिमा वडा दशैं जस्ता महान पर्व, नापी कार्यालय वाट जग्गाको नक्सा प्राप्त गर्न भएको समस्या, कोभिड १९ को महामारी र नगरवासीहरुको अनुरोधलाई मध्यनजर गरि उक्त कार्यलाई थप प्रभावकारी वनाउन २ महिनाको लागि समयावधि थप गर्ने नगरपालिकाको मिति २०७७।०७।२० को निर्णय भएकोले आगामी २०७७ पौष २५ गते सम्म पूर्व प्रसारित सूचना वमोजिम घर कायम र नक्सापासको प्रक्रियामा आउनुहुन अनुरोध छ। साथै नक्सा वनाउने शुल्कमा सहजता कायमका लागि तपसिल वमोजिम गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

<u>तपसिल</u>

१) घर कायम र नयाँ नक्सा वनाउनको लागि आर्थिक वर्ष २०७७।०७८ का लागि गलकोट नगरपालिकामा सूचिकृत भएका इन्जिनियरिङ कन्सल्टेन्सीहरु मध्येवाट स्व-इच्छाले आँफुलाई सहज र शुलभ हुने कन्सल्टेन्सी वाट नक्सा वनाउनुहुन समेत अनुरोध गरिन्छ।

२) सूचिकृत भएका इन्जिनियरिङ कन्सल्टेन्सीहरुको विवरण र सम्पर्क नं. गलकोट नगरपालिकाको कार्यालय र नगरपालिकाका प्रत्येक वडा कार्यालयमा समेत टाँस गरिएको छ।

३) घर कायम गर्न र नयाँ निर्माण गर्नको लागि लालपुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, तिरो तिरेको रसिदको प्रतिलिपि, नापीकार्यालय वाट जारि भएको घर भएको वा घर वनाउने जग्गाको ब्लु प्रिन्ट नक्सा र ट्रेस नक्सा, चार किल्ला प्रमाणित, वडा कार्यालयको सिफारिस जस्ता कागजातहरु पेश गर्नुपर्ने छ।

४ ) थप जानकारीका लागि गलकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय वा मोवाइल नं. ९८५७६३६९४० मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

हरि प्रसाद शर्मा
...कीय अधिकृत